सङ्क्रामक पशुरोग विधेयक पारित

गोरखापत्र समाचारदाता
काठमाडौं, असोज ५ गते

राष्ट्रिय सभाले सङ्क्रामक आधारमा पशु मार्न नपाइने व्यवस्थासहित सङ्क्रामक पशुरोग (नियन्त्रण) विधेयक, २०८३ सर्वसम्मतले पारित गरेको छ। विधेयकको व्यवस्थाबमोजिम सङ्क्रामक रोग नियन्त्रणका क्रममा नष्ट गरिएका पशु तथा पशुजन्य पदार्थका धनीलाई सरकारले क्षतिपूर्ति र राहत उपलब्ध गराउनुपर्ने छ।

सभाको सोमबारको बैठकमा कृषि, वन तथा पर्यावरणमन्त्री गिता चौधरीले सो विधेयक पारित गरियोस् भन्ने प्रस्ताव गर्नुभएकोमा निर्णयार्थ पेस हुँदा सभाले विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित सो विधेयक पारित गरेको हो। सो विधेयक अब प्रतिनिधि सभामा जाने छ।

मूल विधेयकमा छ वटा समूहमा १६ जना सदस्यले ६६ बुँदामा संशोधन प्रस्ताव गर्नुभएको थियो। विधायन व्यवस्थापन समितिले छलफलका क्रममा विधेयकको प्रस्तावनासहित २२ वटा दफामा संशोधन गऱ्यो। विधेयकमा कुल ४४ वटा दफा छन्। सो विधेयक राष्ट्रिय सभामा साउन २१ गते प्रस्तुत भएकोमा साउन २७ गते सामान्य छलफल भई विधायन व्यवस्थापन समितिमा पठाइएकोमा समितिले विधेयकमाथि दफावार छलफल गरेर भदौ ३१ गते सभामा प्रतिवेदन पेस गरेको थियो।

मूल विधेयकको व्यवस्थालाई परिमार्जन गरी राष्ट्रिय सभाले पशुरोगको अनुसन्धान, परीक्षण र अन्वेषणका लागि सङ्क्रामक आधारमा पशु मार्न नपाउने व्यवस्था गरेको छ। सङ्क्रामक पशुरोगसम्बन्धी कसुर र सजायलाई निश्चित सीमा निर्धारण गर्न न्यूनतम सजायसमेत तोकिएको छ।

विधेयकले सङ्क्रामक पशुरोग नियन्त्रण गर्ने क्रममा पशु, शङ्कास्पद सङ्क्रामक वस्तु वा पशुजन्य पदार्थ नष्ट गरिएकोमा त्यस्तो पशु, वस्तु वा पदार्थ धनीलाई क्षतिपूर्ति तथा राहत उपलब्ध गराउन र पुनर्लाभका कार्यक्रम सञ्चालन गर्न क्षतिपूर्ति तथा राहत कोषको व्यवस्था थप गरिएको छ।

विधेयकमाथिको छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिँदै मन्त्री चौधरीले पशु स्वास्थ्य जनस्वास्थ्यसँग जोडिने हुनाले पशुधनलाई संरक्षण संवर्धनमार्फत नेपालको पशुजन्य पदार्थको निर्यातमा समेत टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो। राहत कोषको परिचालन, पशुमा देखिने सङ्क्रामक रोगको नियन्त्रण तथा व्यवस्थापनमा किसानकै लागि खर्च हुने गरी कोषको परिचालनबारे स्पष्ट व्यवस्था नियमावलीमा राख्ने उहाँले जानकारी गराउनुभयो। मन्त्री चौधरीले तिनै तहको अधिकार स्पष्ट हुने गरी विधेयकमा व्यवस्था गरिएको उल्लेख गर्नुभयो। उहाँले सङ्क्रामक पशुरोगको विषय पशुको मानुसँग समेत जोडिने हुनाले गुणस्तर परीक्षण गर्ने कार्य यही मङ्सिर ९ गतेदेखि काठमाडौँ उपत्यकाबाट लागू गर्ने उल्लेख गर्नुभयो।

डेङ्गु सङ्क्रमण बढ्दै

सिन्धुली समाचारदाता
सिन्धुलीमाढी, असोज ५ गते

सिन्धुलीमा चालु आर्थिक वर्षको दुई महिनामा १८ जनामा डेङ्गु सङ्क्रमण देखिएको छ। साउनमा चार जना सङ्क्रमित भएकामा भदौमा १४ जनामा सङ्क्रमण देखिएपछि जिल्लामा डेङ्गुको जोखिम बढ्दै गएको हो।

जनस्वास्थ्य कार्यालय सिन्धुलीका अनुसार चालु आव २०८३/८४ को साउनमा चार र भदौमा १४ जनामा डेङ्गु सङ्क्रमण पुष्टि भएको हो। सङ्क्रमितमध्ये मरिण गाउँपालिकाका आठ जना, दुधौली नगरपालिकाका तीन जना र सुनकोसी गाउँपालिकाका तीन जना रहेका छन्।

यस्तै हरिहरपुरगढी गाउँपालिकामा दुई तथा तीनपाटन र गोलञ्जोर गाउँपालिकामा एकएक जनामा डेङ्गु सङ्क्रमण देखिएको कार्यालयका ल्याब टेक्निसियन अधिकृत गङ्गाराम कार्कीले जानकारी दिनुभयो।

उहाँका अनुसार चालु आवमा कमलामाई नगरपालिका, फिक्कल गाउँपालिका र ध्याङ्लेख्र गाउँपालिकामा अहिलेसम्म डेङ्गु सङ्क्रमण देखिएको छैन। कार्यालयका अनुसार सिन्धुलीमा आव २०८२/८३ मा २३३ जना, २०८४/८२ मा ४१८ जना र २०८०/८१ मा २६६ जनामा डेङ्गु सङ्क्रमण देखिएको थियो। जिल्लाका नौ स्थानीय तहमध्ये विगतमा दुधौली नगरपालिका, सुनकोसी र मरिण गाउँपालिकामा डेङ्गु सङ्क्रमण बढी देखिएको कार्यालयले जनाएको छ। चालु आवमा डेङ्गु नियन्त्रणका लागि स्थानीय तहसँगको समन्वयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न तयारी भइरहेको कार्कीले बताउनुभयो।

'राजनीति समाज परिवर्तनको माध्यम'

हेटौँडा समाचारदाता
हेटौँडा, असोज ५ गते

बागमती प्रदेशका प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले राजनीति समाज परिवर्तनको माध्यम भए पनि यसको अन्तिम केन्द्र नागरिकको जीवन, सम्मान र भविष्य हुनुपर्ने बताउनुभएको छ।

जनसेवा मदनकुमार भण्डारीको ७५ औँ जन्मजयन्ती तथा मदन भण्डारी फाउन्डेसनको २७ औँ स्थापना दिवससका अवसरमा सोमबार हेटौँडामा आयोजित दीप प्रज्वलन तथा श्रीचन्द्र शर्मा स्मृति सम्मान कार्यक्रममा उहाँले राजनीतिक विचार र व्यवहार नागरिकको दैनिक जीवनमा देखिने परिणामसँग जोडिनुपर्ने बताउनुभएको हो।

प्रदेश प्रमुख देवकोटले राजनीतिक विचलन, दाउपेच र सत्तामा मूल्यमान्यता हावी हुँदा लोकतन्त्र कमजोर हुने बताउनुभयो। राजनीतिक दलमा देखिने आन्तरिक किचलो र फुटले लोकतान्त्रिक आन्दोलनका उपलब्धिलाई बलियो बनाउन नसक्ने उल्लेख गर्दै उहाँले लोकतन्त्र र सामाजिक रूपान्तरणका लागि राजनीतिक संस्कार र जिम्मेवारी आवश्यक रहेको बताउनुभयो।

उहाँले जनसेवा मदन भण्डारीको राजनीतिक जीवनलाई नेपाली लोकतान्त्रिक तथा वाम आन्दोलनको महत्त्वपूर्ण अध्यायका रूपमा चर्चा गर्नुभयो। भण्डारीले अगाडि सार्नुभएको जनताको बहुदलीय जनवादको अवधारणाले लोकतन्त्र, जनसहभागिता, सामाजिक न्याय र समयसापेक्ष परिवर्तनका विषयमा राजनीतिक बहसलाई अगाडि बढाएको उहाँले बताउनुभयो।

तस्बिर : अनिल पराजुली

कार्यक्रममलाई सम्बोधन गर्दै बागमती प्रदेशका प्रदेश प्रमुख दीपकप्रसाद देवकोटा ।

कार्यक्रममा प्रदेश प्रमुख देवकोटाले बाढी, पहिरोलगायत प्राकृतिक विपत्तिबाट प्रभावित नागरिकप्रति दुःख व्यक्त गर्नुभयो। विपत्तिका समयमा उद्धार, राहत र पुनर्स्थापना राज्यका निकाय, राजनीतिक संस्था र नागरिक समाजको प्राथमिक दायित्व भएको बताउँदै उहाँले भविष्यमा विपत् जोखिम न्यूनीकरण र पूर्वतयारीलाई प्रभावकारी बनाउन आवश्यक रहेको उल्लेख गर्नुभयो।

कार्यक्रममा बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेल, मदन भण्डारी फाउन्डेसन मकवानपुरका अध्यक्ष रुधाब खुलाल, केदार न्यौपाने, हिरम लामा र बोलबहादुर कार्कीलगायतले जनसेवा मदनकुमार भण्डारीको राजनीतिक योगदानबारे चर्चा गर्नुभएको थियो।

सालक संरक्षणमा सक्रियता

हेटौँडा समाचारदाता
हेटौँडा, असोज ५ गते

लोपोन्मुख सालक संरक्षणमा रानी सामुदायिक वन उपभोक्ता समूह हेटौँडा-६, चौपडाले सक्रियता बढाएको छ। समूहले सालकको वासस्थान संरक्षण, उद्धार, जनचेतना अभिवृद्धि तथा पर्यापर्यटन प्रवर्धनलाई सँगसँगै अगाडि बढाएको हो।

समूहको ३० औँ वार्षिक साधारण सभाका अवसरमा सालक संरक्षणमा योगदान पुऱ्याउने डिभिजन वन कार्यालय मकवानपुर, सर्वाडिभिजन वन कार्यालय हेटौँडा, प्रहरी चौकी चौपडा, इलाका प्रहरी कार्यालय मकवानपुरगढी तथा चार जना स्थानीयलाई कदरपत्रसहित सम्मान गरिएको छ। सम्मानित हुनेमा मकवानपुरगढी-३ का मनिष देवकोटा र सरोज फुर्याँल तथा हेटौँडा-६ का रामबहादुर गुरुङ र सीगान बुद्धाथोकी हुनुहुन्छ।

रानी सामुदायिक वनले २०६२ सालदेखि सालक संरक्षण अभियान सञ्चालन गर्दै आएको छ। सालकका लागि उपयुक्त वासस्थान व्यवस्थापन, धमिराका टेबल संरक्षण, जनचेतनामूलक कार्यक्रम तथा विद्यालयस्तरमा संरक्षण गतिविधि सञ्चालन हुँदै आएका छन्। वनक्षेत्रमा हाल तीन दर्जनभन्दा बढी सालक रहेको अनुमान गरिएको छ।

सालक संरक्षणसँगै पर्यापर्यटन प्रवर्धनका लागि वनको ब्लक नं. ५ मा सालक केज र ब्लक नं. ६ मा बिपी-गणेशमान स्मृति शान्ति पार्क निर्माण गरिएको छ। चौपडा बजार र पिस पार्कमा सालकका प्रतिमा निर्माण गरी संरक्षणसम्बन्धी जनचेतना विस्तारको प्रयासमेत गरिएको छ।

डिभिजन वन कार्यालय मकवानपुरका अनुसार जिल्लाका एक सय ५० भन्दा बढी सामुदायिक वनक्षेत्रमा सालकको उपस्थिति रहेको छ। रानी र चुच्चेखोला सामुदायिक वनले विभिन्न स्थानबाट उद्धार गरिएका कालो र तामे सालकको संरक्षण गर्दै आएका छन्। गत आर्थिक वर्षमा मात्र चुच्चेखोला सामुदायिक वनमा २३ वटा कालो र दुई वटा तामे सालक उद्धार गरी संरक्षण गरिएको कार्यालयले जनाएको छ।

तस्बिर : अनिल पराजुली

लोपोन्मुख सालक संरक्षणमा योगदान पुऱ्याउनेलाई सम्मान गरिँदै ।

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
कान्ति बाल अस्पताल
बोलपत्र आह्वानको सूचना
(प्रथम पटक प्रकाशित मिति : २०८३/०६/०६)

कान्ति बाल अस्पतालका लागि आ.व. २०८३/०८४ मा आवश्यक देहाय अनुसारको डाइट आपूर्ति/सटर भाडा/समग्री बोलपत्रको माध्यमबाट गरिने हुँदा योग्यता पुगेका इच्छुक बोलपत्रदाताहरूका लागि यसै सूचनाद्वारा बोलपत्र आह्वान गरिएको छ।

ठेक्का सूचना नं.	विवरण	बोलपत्र जमानत रकम	बोलपत्र दाखिला गर्ने अन्तिम मिति, समय र स्थान	बोलपत्र खुला गर्ने मिति र समय	प्रि-बिड मिटिङ
KCH/Goods/ NCB/01-083/084	Supply & Delivery of Rasan Goods	१,१०,५००/-	२०८३/०६/२८ गते दिउँसो १२:०० कान्ति बाल अस्पताल	२०८३/०६/२८ गते दिउँसो २:०० बजे कान्ति बाल अस्पताल	२०८३/०६/१३ गते बिहान ११:०० बजे
KCH/Goods/ NCB/02-083/084	The Procurement of Rent for Shutter	५,००,०००/-			२०८३/०६/१३ गते दिनको १२:०० बजे
KCH/Goods/ NCB/03-083/084	Supply & Delivery of X-ray Film	१,३६,०००/-			२०८३/०६/१३ गते दिनको १:०० बजे
KCH/Goods/ NCB/04-083/084	Supply & Delivery of CT/MRI Film	१,३२,०००/-			२०८३/०६/१३ गते दिनको २:०० बजे

- बोलपत्र सम्बन्धी कागजातको दस्तुर देहाय बमोजिमको खातामा जम्मा गरे पश्चात सक्कल भौचर पेश गरी यस कार्यालयबाट खरिद गर्न सकिनेछ। बैङ्डकको नाम : राष्ट्रिय वाणिज्य बैङ्डक लिमिटेड, ठमेल काठमाडौँ कार्यालय कोड : ३७०००३५०३ राजश्व शीर्षक : १४२२९ खाताधारीको नाम: Kanti Children's Hospital Bid Document शुल्क: रु. ३०००/- (Non Refundable)
- Bid Security को लागि खाता रहेको बैङ्डक: राष्ट्रिय वाणिज्य बैङ्डक लिमिटेड, ठमेल, काठमाडौँ खाता नं. : 1100100102030000 कार्यालय कोड : ३७०००३५०३ खाताधारीको नाम : को.ले.नि.का. लैनचौर
- थप जानकारीको लागि खरिद एकाइ, कान्ति बाल अस्पताल, मोबाइल नं. ९८५११२२२७४ मा सम्पर्क गर्न सकिनेछ।

औषधीमा भ्रामक विज्ञापन नगर्न चेतावनी

गोरखापत्र समाचारदाता
काठमाडौं, असोज ५ गते

आयुर्वेद चिकित्सा परिषद्ले दर्ता नभएका औषधीको बिक्रीवितरण नगर्न निर्देशन दिएको छ। परिषद्ले आयुर्वेदिक औषधीसम्बन्धी अनिरर्ज्जित तथा भ्रामक प्रचारप्रसार तत्काल रोक्न कडा निर्देशन दिएको हो।

परिषद्ले दर्ता नभएका औषधी बिक्रीवितरण गर्ने, तुला दुला अक्षरमा क्यान्सर, पाइल्स जस्ता जटिल रोगको नाम लेखेर सर्वसाधारणलाई भ्रमित पार्ने तथा निको हुने ग्यारेन्टी दिने, निको नभए पैसा फिर्ता हुने जस्ता भ्रामक विज्ञापन र प्रचारप्रसार गर्ने कार्य कानूनविपरीत भएको जनाएको छ।

परिषद्का रजिस्ट्रार डा. हरिशरण अर्यालले कोही कसैले त्यस्ता किसिमका गतिविधि गरेको भए १५ दिनभित्र त्यस्ता गतिविधि बन्द गर्न निर्देशन दिएको बताउनुभयो। उहाँले अवाञ्छनीय कार्य तथा गतिविधि निरन्तर गरेमा कानूनबमोजिम कडा कारवाही गरिने जानकारी दिनुभयो।

दोलखामा सतर्कता

दोलखा समाचारदाता
दोलखा, असोज ५ गते

जल तथा मौसम विज्ञान विभागलगायतका निकायले आगामी पाँच दिन भारी वर्षाको पूर्वानुमान गरेपछि जिल्ला प्रशासन कार्यालय दोलखाले जिल्लावासीलाई सतर्क रहन आग्रह गरेको छ।

सोमबार बसेको जिल्ला सुरक्षा समितिको बैठकले असोज ८ गतेदेखि १२ गतेसम्म भारी वर्षा हुने जानकारी प्राप्त भएकाले सम्भावित जोखिमबाट जोगिन पूर्वतयारी र सतर्कता अपनाउने निर्णय गरेको प्रमुख जिल्ला अधिकारी रेस्मा कँडेलले जानकारी दिनुभयो।

उहाँका अनुसार भारी वर्षाका कारण पहिरो जाने तथा घर तथा अन्य भौतिक संरचनामा क्षति पुग्न सक्ने सम्भावनालाई ध्यानमा राख्दै जिल्लाका तीन वटै सुरक्षा निकाय र स्थानीय तहलाई आवश्यक तयारी गर्न सूचित गरिएको छ।

यसैबिच सामाजिक सञ्जालमा तामाकोशी नदीको मुहान क्षेत्रतर्फ रहेको च्छोरोल्पा फुटुन सक्ने भन्दै विभिन्न सूचना सार्वजनिक भएपछि जिल्ला प्रशासन कार्यालयले त्यसतर्फ पनि ध्यान दिएको छ। सम्भावित जोखिमका लागि जडान गरिएका साइरनको अवस्था बुझन तथा आवश्यक पूर्वतयारीका विषयमा छलफल गर्न जिल्लास्थित जलविद्युत् आयोजनाका प्रतिनिधिलाई बोलाइएको प्रमुख जिल्ला अधिकारी कँडेलले बताउनुभयो।

छलफलमा तामाकोशी नदी किनारमा जडान गरिएका साइरनको अवस्था, जलविद्युत् आयोजनाले अपनाउनुपर्ने पूर्वतयारी तथा सम्भावित जोखिमका समयमा गर्न सकिने कामबारे जानकारी आदानप्रदान गरिने उहाँले बताउनुभयो। साइरनको अवस्था र सञ्चालन प्रणालीबारे यथार्थ जानकारी लिन नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई समेत आवश्यक समन्वय गर्न भनिएको प्रमुख जिल्ला अधिकारी कँडेलले स्पष्ट पार्नुभयो।

जिल्ला प्रशासन कार्यालयले भारी वर्षाका समयमा नदी तथा खोलाको किनार, पहिरोको जोखिम भएका क्षेत्र र कमजोर संरचना आसपास बसोबास गर्न नागरिकलाई विशेष सतर्कता अपनाउन आग्रह गरेको छ।

निजामती कर्मचारी अस्पताल
मीनभवन, काठमाडौं
बोलपत्र पेश गर्ने सम्बन्धी सूचना

सूचना प्रकाशित मिति :२०८३/०६/०६

यस अस्पतालमा चालु आ.व.२०८३/८४ को लागि तपसिल बमोजिमको **Dry Hardcopy Radiographic and CT Films** खरिद गर्नुपर्ने भएकोले उल्लेखित खरिद कार्य गर्न नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म/कम्पनी तथा संस्थाले बोलपत्र सम्बन्धी कागजातहरू यस अस्पतालको खरिद शाखाबाट नियमानुसारको बैंक दस्तुर राखेको भौचर देखाई लिन सकिनेछ वा निजामती कर्मचारी अस्पताल, मीनभवन, काठमाडौंको वेवसाइट **csh.gov.np** मार्फत डाउनलोड गरी पेश गर्ने सन्दर्भमा बोलपत्र पेश गर्ने अन्तिम दिन भन्दा एक दिन अगावै बोलपत्र दस्तुर दाखिला गरेको सक्कली बैंक भौचर र तोकिएको सम्पूर्ण कागजात सहित रीतपूर्वक आ-आफ्नो दरपेठ्टरू सिलबन्दी गरी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

सि.नं.	ठेक्का नं.	विवरण	धरौटी (विडवण्ड)	बोलपत्र दस्तुर	बोलपत्र दस्तुर जम्मा गर्ने बैंक तथा खाता नं.
१.	CSH/NCB/ GB/01/083/84	Procurement of Supply and Delivery of Dry Hardcopy Radiographic and CT Films	रु. ३,९०,०००/-	रु. ३,०००/-	कृषि विकास बैंक, मीनभवन खाता नं.- ०२१०२०००४३३८३०१७

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
भरतपुर अस्पताल, चितवन
बोलपत्र आह्वान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८३।०६।०६)

भरतपुर अस्पतालको लागि आवश्यक तपशिलमा उल्लेखित निर्माण कार्यहरू सिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले मु.अ.करमा दर्ता भएका इच्छुक ईजाजत प्राप्त कम्पनी/फर्म तथा निर्माण व्यवसायीले रितपूर्वकको सिलबन्दी बोलपत्र निम्नानुसारको समयावधिभित्र तोकिएको बोलपत्र दस्तुर तथा धरौटी रकम दाखिला गरी पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । बोलपत्र सम्बन्धी विस्तृत जानकारी अस्पतालको आधिकारिक वेवसाइट: **bharatpurhospital.gov.np** बाट डाउनलोड गरी भरी पेश गर्न सकिनेछ । साथै यो लपत्र सम्बन्धि कागजात (हार्ड कपी) यस अस्पतालबाट प्राप्त गर्न सकिनेछ ।

तपसिल

क्र.सं	ठेक्का नं.	विवरण	धरौटी रकम रू.	बोलपत्र खरिद दस्तुर रू.	बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय	बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय
१.	BH/SQ/ WORKs /08/083/084	Aluminium Partition, Tile and Repair and Maintenance works	४५,०००।००	१,०००।००	मिति २०८३।०६।१२ गते कार्यालय समय भित्र	मिति २०८३।०६।१३ गते दिउसो १२.०० बजे भित्र

राजस्व तथा धरौटी खाता सम्बन्धी जानकारी

१. बोलपत्र स्वरिद दस्तुर वापतको रकम श्री रा.वा. बैंक भरतपुरमा रहेको राजश्व खाता नं. १०००१००२०००१०००, राजस्व हिसाब नं. १४२२९ (अन्य प्रशासनिक सेवा शुल्क), यस कार्यालयको कोड नं. ३७०००३१०२ मा जम्मा गरेको बैंक भौचर पेश गर्नु पर्ने छ ।

२. बोलपत्र साथ जमानतवापतको रकम श्री रा.वा. बैंक भरतपुर, को.ले.नि.का. चितवनको खाता नं.- रु ३ धरौटी १३१००१०२०३०००, कार्यालयको कोड नं.- ३७०००३१०२ बाट विवरण भरी रकम जम्मा गरेको सक्कल बैंक भौचर वा यस अस्पतालको नाममा 'क' वर्गको वाणिज्य बैंकबाट जारी भएको विड वण्ड पेश गर्नुपर्नेछ ।

रतुवामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिजुवा, मोरङ, कोशी प्रदेश , नेपाल

सूचना प्रकाशनको लागि राष्ट्रिय स्तरमा सिलबन्दी दरभाउपत्र आह्वान गरिएको सूचना
Rmun/SQ/Service/01/083/84

(प्रथम पटक प्रकाशित मिति : २०८३/०६/०६)

१. यस कार्यालयबाट आ.व २०८३/०८४ मा प्रकाशन हुने सार्वजनिक खरिद तथा दरभाउपत्र आह्वान गर्दा प्रकाशन गर्नुपर्ने तथा अन्य विभिन्न सूचनाहरू न्यूनतम दरेटमा क वर्गको राष्ट्रिय स्तरको दैनिक पत्रिका (देशभर पुगे) मा प्रकाशन गर्नुपर्ने भएकाले उक्त कार्य सिलबन्दी दरभाउपत्रद्वारा गर्नुपर्ने भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ७ दिन (२०८३/०६/१२ गते) भित्र (कार्यालय समय सम्म) दरभाउपत्र फारम दस्तुर रु.१००० (एक हजार रुपैया मात्र) नेपाल इन्भेस्टमेन्ट मेगा बैंक सिजुवा स्थित शाखामा रहेको आन्तरिक राजश्व खातामा कनेक्ट आई.पी.एस. मार्फत वा Local Level Revenue Portal मा User id Create गरी Ga 1.1 Ratuwamai Na.Pa Aantarik Rajasho Khata नं : ०१७०१४०००००९३ मा जम्मा गरी वा यस कार्यालयको राजश्व शाखामा रसिद काटेर शिलबन्दी दरभाउपत्र खरिद बापतको दस्तुर जम्मा गरी चालु आ.वको लागि नवीकरण गरिएको फर्म दर्ता प्रमाणपत्र, आवकर तथा मू.अ. कर दर्ता प्रमाणपत्र, आ.व २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र समेतको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपि संलग्न राखी दरभाउपत्र फाराम खरिद गर्न इच्छुक फर्म, कम्पनी तथा विज्ञापन एजेन्सीहरूलाई यो सूचना प्रकाशित गरिएको छ। दरभाउपत्र फाराम यस रतुवामाई नगरकार्यपालिकाको कार्यालय, सिजुवा, मोरङमा रु.१० को टिकट टाँस गरिएको निवेदन र दरभाउपत्र खरिद गरेको बैंक भौचर पेश गरी खरिद गर्न सकिनेछ ।

२. (One Door System) मार्फत काठमाडौँबाट प्रकाशित हुने गोरखापत्र, नागरिक, राजधानी, अन्नपूर्ण, मध्यान्ह, अभियान, कान्तिपुर, नयाँपत्रिका लगायत अन्य राष्ट्रिय दैनिक पत्रिकाको भित्री पृष्ठ सादामा प्रकाशन हुने सूचनाको न्यूनतम दरेटमा प्रकाशित गर्न इच्छुक फर्म कम्पनी तथा विज्ञापन एजेन्सीहरूका लागि यो सूचना प्रकाशित गरिएको छ ।

३. दरभाउपत्र फारममा उल्लेखित राष्ट्रिय दैनिकको भित्री पृष्ठमा प्रकाशित हुने सूचना प्रति सी.सी.सी न्यूतम दरेटमा प्रकाशित गर्न इच्छुक फर्म, कम्पनी तथा विज्ञापन एजेन्सीको दरभाउपत्र स्वीकृत गरिने छ । बुँदा नं २ मा उल्लेखित प्रत्येक राष्ट्रिय पत्रिकामा सूचना प्रकाशन गर्दा लाग्ने प्रति सी.सी कम भिन्दा भिन्दै उल्लेख गरी सिलबन्दी फाराम दर्ता गर्नुपर्ने छ ।

४. सिलबन्दी दरभाउपत्र पेश गर्दा कार्यालयको अधिकार प्राप्त अधिकारीको सही छाप नभएको, एउटाको नाममा खरिद गरी अर्काको फर्ममा दर्ता गरेको र कुनै पनि शर्त राखी पेश गरेको दरभाउपत्र मान्य हुनेछैन ।

५. मिति २०८३/०६/१३ गते दिनको १२:०० बजे भित्र आफैले खरिद गरेको दरभाउपत्र रितपूर्वक भरी सिलबन्दी गरी यस कार्यालयमा दर्ता गराइ सक्नुपर्नेछ । दर्ता भएका सिलबन्दी दरभाउपत्रहरू सोही दिनको १:०० बजे दरभाउपत्रदाता तथा निजको अधिकारप्राप्त प्रतिनिधिको रोहबरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता तथा निजको अधिकारप्राप्त प्रतिनिधिको उक्त समयमा उपस्थित नभएपनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । सिलबन्दी दरभाउपत्र बिही गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

६. दरभाउपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम ५० (ङ) अनुसार दरभाउपत्रदाताले खरिद कार्यमा अयोग्य नभएको र व्यावसाय सम्बन्धी कसुरमा सजाय नपाएको भनि लिखित घोषणा भएको कागजात दरभाउपत्र साथ पेश गर्नुपर्ने छ ।

८. एक आपसमा मिलेमतो गरी दरभाउपत्र दाखिला गरेको पाईएमा त्यस्तो दरभाउपत्र स्वीकृत गरिने छैन ।

९. दरभाउपत्रको प्रत्येक पानामा दरभाउपत्रदाताको आधिकारिक व्यक्तिको सही र छाप अनिवार्य रुपमा हुनुपर्नेछ । साथै दरभाउपत्रदाताले पेश गर्ने सम्पूर्ण प्रमाणपत्रहरु नवीकरण भएको हुनुपर्ने र नोटरी पब्लिकबाट अनिवार्य रुपमा प्रमाणित गराई पेश गर्नुपर्ने छ ।

१०. यस सूचनामा उल्लेख भएकोमा यसै अनुसार र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) तथा सार्वजनिक खरिद नियमावली २०६४ संशोधन सहित) तथा प्रचलित कानुन अनुसार हुनेछ । विस्तृत जानकारीका लागी रतुवामाई नगरकार्यपालिकाको कार्यालय, सिजुवा, मोरङमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत
रतुवामाई नगर कार्यपालिकाको कार्यालय